का.जि.प्र.का.द.नं. १००/०५९/६०
२४ पुस २०८०,
मंगलबार
9 January 2024,
Tuesday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक ३३५ । पृष्ठ १२ | Madhyanha National Daily | www.madhyanhadaily.com

राष्ट्रिय सभा चुनाव

## पूर्वगृहमन्त्रीदेखि उपमेयरमा हारेकासम्म उम्मेदवार

**आरके डिसी/मध्यान्ह**
काठमाडौं, २३ पुस ।


माघ ११ गते हुने राष्ट्रिय सभा निर्वाचन हुँदैछ । त्यसका लागि सोमबार बिभिन्न ८ दलका ५२ जनाको उम्मेदवारी परेको छ ।

राष्ट्रिय सभाको निर्वाचन रिक्त हुने १९ पदको लागि ५२ जना उम्मेदवारले उम्मेदवारी दिएको निर्वाचन आयोगका प्रवक्ता एवं सहसचिव शालिग्राम शर्मा पौडेलले जानकारी दिए । उनका अनुसार नेकपा एमाले, नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी र जनमत पार्टीले यस निर्वाचनमा उम्मेदवारी दिएका छन् ।

कोशी प्रदेशमा महिला समूहका लागि दुई राजनीतिक दलका तर्फबाट र अन्य समूहका लागि तीन राजनीतिक दलका तर्फबाट गरी जम्मा पाँच जनाको उम्मेदवारी दर्ता भएको छ ।

बागमती प्रदेशमा महिला समूहका लागि चार दल, दलित समूहका लागि ३ दल, >>> पृष्ठ २ मा

विगतमा पटक-पटक सांसद भएकादेखि पराजित भएकाहरु र समानुपातिक बन्दसूचीमा परेका र दोहोरिएकाहरु पनि उमेदवार छन् ।




## पराजितहरुलाई अवसर !

सत्तागठबन्धनको मतभार अगाडि रहेका कारण चुनावमा सत्ता गठबन्धनका उम्मेदवारहरुले चुनाव जित्ने सम्भावना ज्यादा छ । यस्तो अवस्थामा गठबन्धनले विगतमा पटक पटक सांसद भएकादेखि पराजत भएकाहरुसमेतलाई उम्मेदवार बनाएको छ । समानुपातिक बन्दसूचीमा दोहोरिएकाहरु पनि उमेदवार छन् ।

सत्ता गठबन्धनबाट सबैभन्दा ठूलो दल कांग्रेसले १० सिट पाएको छ । कांग्रेसले पुराना र नयाँ अनुहारलाई उमेदवार बनाएको छ । कांग्रेसले कोसी प्रदेशको अन्यतर्फ नेता कृष्ण



सिटौलालाई उमेदवार बनाएको छ ।

सिटौला गत वर्षको मंसिर ४ गते भएको प्रतिनिधिसभा निर्वाचनमा झापा क्षेत्र नम्बर ३ मा पराजित भएका थिए ।

कांग्रेसले आनन्दप्रसाद ढुंगानालाई मधेस प्रदेशमा अन्यतर्फको उमेदवार बनाएको छ । उनी २०४८ देखि ०५६ सम्म निर्वाचित भएका थिए । ०५६ मा कांग्रेसको प्रमुख सचेतक बनेका थिए । ०६४ मा पराजित भएका ढुंगाना कांग्रेसको अनुशासन समितिका संयोजक हुन् ।

विष्णुकुमारी सापकोटा लुम्बिनी प्रदेशमा महिला >>> पृष्ठ २ मा

## कोशीमा एमालेको अडान कायमै

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, २३ पुस ।

सत्ता गठबन्धनले कोशी प्रदेशका सभामुख चयनको प्रक्रिया अगाडि बढाउन खोजेको छ । गठबन्धनको तर्फबाट राप्रपालाई सभामुख दिन खोजिएको छ । तर, नेकपा एमालेले राप्रपाको भूमिकाका सन्दर्भमा प्रश्न उठाएको छ । खासगरी राप्रपाले आफूलाई सत्ता गठबन्धनको पक्षमा रहेको हो वा विपक्षमा रहेको हो प्रष्ट पार्नुपर्ने एमालेको भनाइ रहेको छ । राप्रपाले विगतमा कसैलाई पनि साथ दिएको छैन भने सभामुख लिने संकेत गरेको छ ।

सत्तारुढ गठबन्धन दलले यसअघि नै सभामुख राप्रपालाई दिने निर्णय गरिसकेको छ । यही अनुसार सत्ता गठबन्धनले तत्कालै सभामुख चयनको प्रक्रिया अगाडि बढाउन खोज्दा एमालेले राष्ट्रिय सभाको निर्वाचन देखाएको छ । माघ ११ गते हुने राष्ट्रिय सभाको चुनाव देखाएर आचारसंहिता लाग्ने एमालेको तर्क छ । तर, निर्वाचन आयोगले आचारसंहिता लागू नगरिसकेका कारण सभामुखको चयन प्रक्रिया अगाडि बढाउन सकिने सत्ता गठबन्धनमा रहेका नेताहरुको भनाइ रहेको छ ।

कोशी प्रदेशमा सभामुख आफैंले राखे सरकार नबन्ने सत्ता गठबन्धनको अंकगणित छ । यस्तोमा सभामुख राप्रपालाई दिने सत्तागठबन्धनको रणनीति हो । तर, राप्रपा प्रदेश खारेजीको लागि भनेर आन्दोलनमा समेत रहेको बताइन्छ । यस्तो अवस्थामा प्रश्न उठ्न सक्ने भनी राप्रपाकै कतिपय नेताहरुले बताइरहेका बेला राप्रपालाई सभामुख दिने गरी सत्ता गठबन्धनले प्रक्रिया अगाडि बढाउन खोजेको हो ।



गत चुनावमा एमालेसँग मिलेर राप्रपाले कोशी प्रदेशमा २ वटा प्रत्यक्ष सिट जितेको थियो । त्यसकारण राप्रपाले एमालेको साथ छाड्नमा प्रष्टता दिइरहेको छैन । यही मनोविज्ञानमा खेलेर एमालेले राप्रपालाई सत्ता गठबन्धनको पक्षमा जान नदिने रणनीति अख्तियार गरेको देखिन्छ ।

९३ सदस्यीय प्रदेशसभामा एमाले ४० र राप्रपा ६ सांसद छन् । नेपाली कांग्रेस २९, माओवादी केन्द्रसँग १३ , नेकपा एकिकृत समाजवादी ४ जसपासँग एक सांसद छन् ।

चुनावमा एमालेसँग मिलेर राप्रपाले २ वटा प्रत्यक्ष सिट जितेको थियो । त्यसकारण राप्रपाले एमालेको साथ छाड्नमा प्रष्टा दिइरहेको छैन । यही मनोविज्ञानमा खेलेर एमालेले राप्रपालाई सत्ता गठबन्धनको पक्षमा जान नदिने रणनीति अख्तियार गरेको हो ।

दलहरुको आन्तरिक राजनीति र एकले अर्कोलाई प्रयोग गर्ने रणनीति अख्तियार गर्दा प्रदेशसभा गत साउन १६ गतेदेखि सभामुखविहीन छ । २०७९ पुस २८ गते निर्विरोध निर्वाचित सभामुख बाबुराम गौतमले गठबन्धन दलका शीर्ष नेताको आग्रहमा राजीनामा दिएका थिए । उनलाई गठबन्धनबाट मुख्यमन्त्री बनेका उद्धव थापालाई बहुमत पुऱ्याउन राजीनामा दिन बाध्य पारिएको थियो । त्यसयता कोशी प्रदेशसभामा सभामुखको निर्वाचन प्रक्रिया सुरु भएको छैन ।

संविधानको धारा १८२ मा प्रदेश सभाको सभामुख र उपसभामुखको चयन प्रक्रिया सम्बन्धी व्यवस्था छ । प्रदेश सभाको पहिलो बैठक प्रारम्भ भएको मितिले पन्ध्र दिनभित्र प्रदेश सभाका सदस्यहरूले >>> पृष्ठ २ मा

## नेपालमा भेटियो कोरोनाको नयाँ भेरियन्ट

### सतर्कता अपनाउन स्वास्थ्य मन्त्रालयको आग्रह



संक्रमण र संक्रमणको फैलावट रोकथाम गर्नका लागि हामी सबै जनस्वास्थ्यको मापदण्डहरु अनिवार्यरुपमा पालना गर्न/गराउन सबैमा अपिल गर्दछौं ।

**डा. प्रकाश बुढाथोकी**
प्रवक्ता, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

**शिव वि.क/मध्यान्ह**
काठमाडौं, २३ पुस

नेपालमा पनि कोभिड-१९ को सब-भेरियन्ट जेएन-१ देखिएको स्वास्थ्य मन्त्रालयले जनाएको छ। सोमबार विज्ञप्ति जारी गर्दै मन्त्रालयले पछिल्लो समय छिमेकी मुलुक भारत र चीनसहित विश्वका विभिन्न देशमा देखिएको जेएन-१ नेपालमा पहिलो पटक देखिएको बताएको हो।

मन्त्रालयका अनुसार देशभर १६ वटा नमुना संकलन गर्दा ७ वटा नमुनामा जेएन-१ पुष्टि भएको हो। मन्त्रायलले उक्त भेरियन्टको बढ्दो संक्रमणलाई ध्यान दिँदै सीमा नाकाका हेल्थ डेस्कहरूलाई आवश्यक स्क्रिनिङ गराउन समेत अनुरोध गरेको छ।

बढ्दो संक्रमणलाई मध्यनजर गर्दै प्रवेश बिन्दुका सम्पूर्ण हेल्थ डेस्कहरु, स्वास्थ्य कार्यालयहरूलाई मार्फत आवश्यक स्क्रीनिंग र निगरानी निरन्तर गर्न साथै, स्वास्थ्य सेवा प्रदान गर्ने स्वास्थ्य >>> पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### मलेसियन सेन्टरसँगको बोर्डको सम्झौता कार्यकारी निर्देशकको खुलेआम अख्तियारी उल्लंघन

## सम्झौता खारेज नभए कामदार रोक्ने संघको चेतावनी

**मध्यान्ह संवाददाता**
काठमाडौं, २३ पुस

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले कामदारको भलाइको नाममा वैदेशिक रोजगार बोर्ड र मलेसियाको निजी कम्पनी फरेन वर्कर वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी) बीचको सम्झौता खारेजीलगायत दश सूत्रीय माग पूरा नभए वैदेशिक रोजगारीमा कामदार पठाउन रोक्ने घोषणा गरेको छ । नेपालका सरकारी निकायहरुको अनुचित साँठगाँठमा एकपछि अर्को सिण्डिकेट खडा गरेर विपन्न अवस्थामा रहेका कामदारमाथि आर्थिक शोषण गर्ने प्रवृत्तिले गम्भीर समस्या उत्पन्न गरेको संघको भनाइ छ ।



राजधानीमा सोमबार आयोजित पत्रकार सम्मेलनमा संघका अध्यक्ष राजेन्द्र भण्डारीले वैदेशिक रोजगार बोर्डका कार्यकारी निर्देशक डा. द्वारिका उप्रेतीले मलेसियाको निजी क्षेत्रको संस्थासँग गरेको सम्झौताको वैधानिक आधार नभएको भन्दै उक्त सहमति तत्काल भंग भएको घोषणा गरिनुपर्ने माग गरे ।

पत्रकार सम्मेलनमा उपस्थित संघका कानूनी सल्लाहकार वरिष्ठ अधिवक्ता शम्भु निरौलाले विदेशी मुलुकसँग नेपालका पक्षबाट गरिने सहमति वा सम्झौतामा नेपाल सरकार मन्त्रिपरिषद्को अनुमति हुनुपर्नेमा बोर्डका कार्यकारी निर्देशकले गरेको सहमतिमा मन्त्रिपरिषद्को सहमति र अनुमति नभएकोले >>> पृष्ठ २ मा

### सम्झौताबारे परराष्ट्रद्वारा छानबिन शुरु



**काठमाडौं/मस-** परराष्ट्रमन्त्री नारायण साउदले वैदेशिक रोजगार बोर्डका निर्देशक डा. द्वारिका उप्रेतीले मलेसियाको निजी कम्पनी फरेन वर्कर वेलफेयर म्यानेजमेन्ट सेन्टर (एफडब्लुडब्लुएमसी) बीचको सम्झौताको कानूनी र आर्थिक पाटोमा अनुसन्धान शुरु गराएका छन् ।

नेपालबाट वैदेशिक रोजगारमा मलेसिया जाने कामदारको कल्याणकारी कार्यका लागि मलेसियाको निजी कम्पनी >>> पृष्ठ २ मा

## प्रेस विज्ञप्ति

मलेसियको निजी कम्पनी FWWMC (Foreign worker walfare management center) र वैदेशिक रोजगार बोर्ड सचिवालयबीच नेपाली कामदारहरु र मलेसियाका रोजगारदाताहरुको सम्पूर्ण तथ्यांक राख्नेबारेमा सम्झौता भएको भन्ने समाचारप्रति प्रगतिशील वैदेशिक रोजगार व्यावसायी मञ्चको गम्भीर ध्यानाकर्षण भएको छ । कामदारको भलाइमा काम गर्ने सरकारी संस्था वैदेशिक बोर्ड सचिवालयले मलेसियाको निजी कम्पनीसँग एक सय कामदार पठाउँदा करिब छ लाख बढी नेपाली रुपैयाँ रोजगारदाताले बुझाउने गरी गरिएको सम्झौता गैरकानूनी हो र रोजगारदातालाई ठूलो आर्थिक भार पार्ने गरी गरिएको यस्तो खाले सम्झौताका कारण नेपालले मलेसिया रोजगारीको ठूलो अवसर गुमाउने संकेत गर्दछ । वैदेशिक रोजगार बोर्ड सचिवालयका कार्यकारी निर्देशक डा.द्वारिका उप्रेती र FWWMC का प्रतिनिधिबीच गोप्य ढंगले भएका सम्झौतालाई यस मञ्चले गम्भीररूपमा लिइ उक्त कार्यको घोर आपत्ति जनाउँदछ । नेपालीहरुको आकर्षक गन्तव्य मुलुक मलेसियाको रोजगारीमा एकाधिकार जन्माउन विभिन्न कालखण्डमा विभिन्न तरिकाबाट असफल प्रयत्न हुने गरेको इतिहास छ । एकाधिकार कायम गर्ने गिरोहले कामदारको कल्याणकारी लाभ देखाएर सो संस्थाबाट मलेसिया रोजगारलाई आफ्नो मातहतमा ल्याइ एकाधिकार कायम गराउने नियोजित योजना भएको प्रष्ट देखिन्छ । यस्ता सिण्डिकेटधारीले ल्याएको योजनाबारे सम्बन्धित सरोकारवालासँग छलफल र जानकारी नगरी गोप्य र रहस्यमय सम्झौता गर्नुमा आपत्ति छ, साथै सम्झौताका बारेमा गम्भीर प्रश्न उब्जिएको छ । सम्पूर्ण साझेदार संस्थाहरुसँग छलफल र अध्ययन नगरी हतारमा निर्णय गर्नु गलत र त्रुटिपूर्ण रहेको हाम्रो ठम्याइ छ । कल्याणकारी कार्यको नाम धारण गरी चोर बाटोबाट विवादास्पद व्यक्तिसँग जोडिएको निजी कम्पनीसँग भएको सम्झौताले भविष्यमा मलेसियाको रोजगारीमा एकाधिकार कायम गर्ने आधार तय भएको देखिन्छ । अझ मलेसियाको रोजगारदाता र कामदारको व्यक्तिगत विवरण निजी कम्पनीलाई रेकर्ड राख्न दिनु त्रुटिपूर्ण छ । यस्ता विवादास्पद निर्णय सम्झौता गर्ने कार्य बोर्डको कार्यकारी निर्देशकको छेत्राधिकार नभएकोले उक्त सम्झौता तुरुन्तै खारेज गर्न कार्यकारी निर्देशकसँग माग गर्दछौं । विवादास्पद सम्झौता नसच्याएमा प्रगतिशील वैदेशिक रोजगार व्यावसायी मञ्चले चरणबद्ध आन्दोलनका कार्यक्रम घोषणा गर्ने यसै विज्ञप्तिमार्फत जानकारी गराउँदछौं ।

**जनक रावल**
अध्यक्ष

प्रगतिशील वैदेशिक रोजगार व्यवसायी मंच नेपाल
Progressive Forum of Foreign Employment Agencies Nepal
Pingasthan, Kathmandu, Nepal +977-1-4464301/4464726 pffean2071@gmail.com www.pffean.com.np

# बुटवलमा सार्वजनिक बाटो बेच्ने तीन अमिनसहित ५ जनाविरुद्ध मुद्दा

**काठमाडौं/मस-** बुटवल उपमहानगरपालिका साविक वडा नं. ९ ख मा सार्वजनिक बाटो रहेको जग्गालाई कित्ताकाट गरी व्यक्तिको नाममा दर्ता गर्ने तीन अमिनसहित पाँच जनालई अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरेको छ ।



अख्तियारले सोमबार विभिन्न किता नम्बर रहेको सार्वजनिक बाटोलाई व्यक्तिका नाममा दर्ता गर्ने नापी कार्यालय, बुटवलमा कार्यरत तत्कालीन तीन जना अमिनहरु र दुई जग्गाधनीविरुद्ध भ्रष्टाचारको मुद्दा दायर गरेको हो ।

तत्कालीन नापी निरीक्षक ध्रुवराज मरासिनीले साविक बुटवल ९ ख मा हेको कि.नं.४८६३ को जग्गालाई व्यक्तिका नामा दर्ता गर्न सहयोग गरेका थिए । त्यस्तै तत्कालीन सर्वेक्षक शिवनाथ मण्डल र अमिन शौकत अलि खाँले कि.नं. ३०४७ रहेको सार्वजनिक बाटो व्यक्तिका नाममा दर्ता गराएका थिए ।

अख्तियारले उनीहरुविरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ११ तथा दफा ८ को उपदफा (१) मा व्यवस्था भएअनुसार कैद र जरिवानाको मागदावीसहित मुद्दा दायर गरेको हो ।

# ‘थिंकर्स एण्ड राइटर्स पीस मीट’ कार्यक्रम सम्पन्न

**काठमाडौं/मस-** भारतको डुवर्सस्थित लाटागुड़ीमा आयोजित ‘थिंकर्स एण्ड राइटर्स पीस मीट’ कार्यक्रम सम्पन्न भएको छ। दुई दिनसम्म चलेको कार्यक्रम शनिबार शुरु भएर आइतबार समापन भएको थियो ।




एसोसिएसन फर कन्जेर्वेसन एण्ड टुरिजमको सहयोगमा ‘त्रिस्रोता साहित्य ओ संस्कृति प्रवाह’ र ‘इन्टरनेसनल सोसाइटी फर इन्टर कल्चरल स्टडीज एण्ड रिसर्च’को संयुक्त आयोजनामा भएको कार्यक्रममा नेपाल, भारत, बंगलादेश र भुटानका स्रष्टाहरु सहभागी भएका थिए ।

‘इकोलजी एण्ड इकोपोइट्री’ थिममा आयोजना भएको कार्यक्रमको उदघाट्न प्रख्यात लेखक पद्मजा अयंगर पेड्डी (हैदराबाद) र राधेश्याम लेकाली (साहित्य पत्रकार संघ काठमाडौं नेपालका अध्यक्ष) लगायतले संयुक्त रुपमा गरेका थिए। उनीहरुलाई ‘लिटरेचरी अवार्ड’बाट सम्मानित पनि गरिएको थियो ।

पश्चिम बंगाल सरकारका सिएमओ सुभाशिष घोषको अध्यक्षता प्रारम्भ भएको उक्त दुई दिवसीय कार्यक्रमको मूल विषय प्रकृति, साहित्य अनि समाज रहेको थियो। कार्यक्रममा यी विषयहरू कसरी एक अर्कामाथि निर्भर छन् भन्ने विषयमाथि विभिन्न वौद्धिक एवं कविहरूले विचार व्यक्त गरेका थिए ।

कार्यक्रममा बहुभाषिक कविगोष्ठीको पनि आयोजना गरिएको थियो । जसमा ६० भन्दा बढी कविहरुले आआफ्नो कविता वाचन गरेका थिए ।

वाचनमा कोलकाताबाट बङ्किमचन्द्र चट्टोपाध्यायका पञ्चम पीढ़ी, कवि जयदीप चट्टोपाध्याय, नेपालबाट अन्तर्राष्ट्रिय नेपाली साहित्य समाजका पूर्व अध्यक्ष एवं साहित्य पत्रकार संघका अध्यक्ष राधेश्याम लेकाली, बंगलादेश कवि रिख्तार हुसैन, आसामबाट कवि सुशान्त मोहन देव, खरसाङबाट कवि एवं साहित्यकार आशा मुखिया लामा, सिलगढ़ीबाट कविहरु लतिका जोशी, उषा नन्दी गहतराज, पौलमी दास मैत्रको विशेष सहभागीता रहेको थियो ।

कार्यक्रममा बंला साद्री अनि सिलेटी भाषाका विभिन्न कवि तथा साहित्यकारहरू कोलकाता, सिलगढ़ी, जलपाईगढ़ी र कुचबिहारबाट उपस्थित भएका थिए भने डुवर्सबाट नेपाली साहित्य विकास समितिका सदस्यहरू कवि एवं पत्रकार अजय खड्का, कवि एवं गीतकार बेग बसन्त थापा, कवि अबीर खालिङ, कवि गणेश गजमेर र समालोचक तथा समीक्षक रूपेश शर्मा आदिको पनि उपस्थिति रहेको थियो ।

त्रिस्रोता साहित्य ओ प्रवाहको तर्फबाट अध्यक्ष सुब्रत दत्त साथै बलराम सरकार, सुदीप शाह, डलि देब, गायक किङ्सुक भौमिक, राजा चक्रवती, स्नेहा मैत्र, पारोमिता बिश्वास, गौरी चौधरी र साहित्य, संस्कृति एवं नाट्य क्षेत्रका दिग्गजहरूको समेत उपस्थिति रहेको थियो ।

कार्यक्रम पहिलो दिनको संचालन डा. सुदिप्त चट्टोपाध्याय, डाइरेक्टर शिशु मंगल हस्पिटल तथा सचिव, आइ. एस. आइ. एस. आरले गरेका थिए भने दोस्रो दिनको कार्यक्रमको सञ्चालन त्रिस्रोता साहित्य ओ संस्कृति प्रवाहका संयोजक तथा कवि किरण मजुमदारले गरेका थिए। कार्यक्रमको सम्पूर्ण व्यावस्थापना त्रिस्रोता साहित्य ओ संस्कृति प्रवाहका सहसभापति तथा सिलगढ़ीका ख्यातनामा व्यवसायी सुब्रत दत्तले गरेका थिए ।

कार्यक्रममा विभिन्न पुस्तकहरूको लोकार्पण, सांस्कृतिक कार्यक्रम, नाटक मञ्चन समेत गरिएको थियो । त्यस्तै अनुवाद एवं सर्जक उषा नन्दी गहतराजद्वारा अनुवादित, किरण मजुमदार द्वारा सम्पादित प्रख्यात हिन्दी कवि राजेन्द्र परदेशीको कविता संग्रह ‘राजेन्द्र परदेशी की कविताएँ’ को बाङ्ला अनुवाद ‘राजेन्द्र परदेशीर एकक कविता गुच्छ’को विमोचन पनि गरिएको थियो ।

# रौटहटका दुई नगरपालिकामा तालाबन्दी

## गरुडामा तालाबन्दी



**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, २३ पुस

रौतहटको मध्यभागमा रहेको गरूडा नगरपालिकाका नगर उपप्रमुख पुनम चौधरी तथा बहुमत वडा अध्यक्षले विभिन्न माग राख्दै नगरपालिकाको मूल गेटमा तालाबन्दी गरी धर्नामा बसेका छन् ।

उपप्रमुख चौधरीसहित वडा नं.२ का वडाअध्यक्ष कृष्णनन्दन सहनी, वडा नं. ३ का वडाअध्यक्ष अम्बिका सहनी, वडा नं.६ का वडाअध्यक्ष रामबाबु चौधरी, वडा नं.७ का वडाअध्यक्ष प्रविन सिंह यादव, वडा नं.८ का वडाअध्यक्ष बशिष्ठ राय यादव र वडा नं.९ का वडाअध्यक्ष राजेश सहनी धर्नामा बसेका हुन् । गरुडा नगर कार्यपालिकाको कार्यालयमा सोमबार चौथो दिन पनि ताला लगाएर धर्ना कार्यक्रमलाई निरन्तता दिइएको छ ।

गरुडा नगरपालिकका नगर प्रमुख कन्थमनी प्रसाद जैसवालले पालिकामा मनोमानी गरिरहेको र आफ्नो इच्छा अनुसार कर्मचारी भर्ना गर्ने, हटाउने प्रवृति तथा वडाअध्यक्षको समस्या नबुझ्ने र अनियमिततामा ध्यान दिने गरेको भन्दै धर्नामा बसेको वडा नं.६ का वडाअध्यक्ष रामबाबु चौधरीले बताए । नगरपालिकाको नगर प्रमुख जयसवालका कारण कार्यालयको काम समेत अस्तव्यस्त भएको उनको आरोप छ। आफुहरुको माग सम्बोधन नभएसम्म धर्नाको कार्यक्रमलाई निरन्तरता दिने उनले जानकारी दिए । अर्का वडाअध्यक्ष अम्बिका सहनीले नगरप्रमुख जैसवालले वडामा चाहिने सेवा सुविधा कटौती गरेर दुःख दिने काम गरेको आरोप लगाए । कर्मचारीलाई जथाभावी नियुक्ति दिने र हटाउने प्रवृतिप्रति आक्रोश व्यक्त गर्दै उनले हटाएका कर्मचारीको तलव समेत दिनुपर्ने बताए ।

नगरप्रमुख जैसवालको कार्यशैलीप्रति बहुमत वडाअध्यक्ष रुष्ट रहेको उनले जिकिर गरे । नगरपालिकाको कार्यपालिकाका बैठक बस्न नसकेको र एकलौटी निर्णय गरेर नगरप्रमुख जैसवाले अनियमितताका काम गरेको वडाअध्यक्षहरुले आरोप लगाए ।

स्थानीय तहको ऐन कानून अनुसार कार्यपालिकाको बैठक बसेर विभिन्न प्रस्ताव वा निर्णयहरु गर्नुपर्नेमा हुन्छ । तर नगरप्रमुख जयसवालले सो कार्य नगरेकोप्रति अधिंकाश वडा अध्यक्षहरुले आपत्ति जनाएका छन् । वडाको जनप्रतिनिधिलाई थाहै नदिइ कतिपय योजनाको उपभोक्ता समिति गठन गरिएको, हालसम्मको आन्तरिक राजस्व प्रष्टसँग नदेखाइएको, योजनालाई कार्यकर्ता लक्षित बनाएको आरोप नगरका उपप्रमुख चौधरीले लगाइन् । नगर प्रमुखको मनोमानीका कारण आफु पनि समस्यामा परेको उनको गुनासो छ ।

यस विषयमा नगरप्रमुख कन्थमनी जैसवालले आफुमाथि लगाएको आरोप निराधार भएको बताए । आफुले ऐन, नियम र विधि अनुसार नै कार्य गर्दै आएको र उपप्रमुखसहितका केहि वडाअध्यक्षहरुले असहयोग गरेको उनको टिप्पणी छ । गरुडा नगरपालिकामा जनप्रतिनिधि बीचको द्वन्द्वका कारण कार्यालयको काम समेत प्रभावित हुँदै आएको छ ।

## कटहरियामा तालाबन्दी



**कृष्ण तिवारी/मध्यान्ह**
रौतहट, २३ पुस

रौतहटको कटहरियाकी उपमेयर रिता देवी यादवको नेतृत्वमा गएको जनप्रतिनिधिको टोलीले नगरपालिकाको कार्यालयमा तालाबन्दी गरेको छ। विभिन्न ८ बुँदे माग गर्दै उपमेयर यादवसहितका जनप्रतिनिधिको टोलीले कर्मचारीलाई कोठा बाहिर निकालेर छुट्टाछुट्टै फाँटहरुमा तालाबन्दी गरेको हो ।

नगरक्षेत्र अन्तर्गत घरायसी प्रयोजनमा खर्च भएको विद्युत महशुल बापत प्राधिकरणको बक्यौता रकम सुनिश्चित गर्नुपर्ने, नगरपालिका मातहत तथा कार्यालयमा विगतदेखि खट्दैआएको कर्मचारी, डोर, करार, सफाइकर्मी, सबैको बाँकी तलब भुक्तानी गरी कर्मचारी राख्ने न राख्नेबारे छलफल गर्नुपर्ने, कुनै पनि शीर्षकमा खर्च गर्नुअघि खर्चको प्रस्तावमाथि नगर कार्यपालिका बोर्डको बैठकबाट सुनिश्चित गर्नुपर्ने माग गरिएको छ ।

त्यस्तै विगतमा नगरक्षेत्र भित्र हैन्डपाइप जडानमा छुट्याइएको रकमको लेखाजोखा बोर्डलाई जानकारी दिनुपर्ने, विद्युत पोल खरिदको लागि छुट्याइएको १ करोड रुपैयाँ प्राधिकरण कार्यालयमा जम्मा गराइ सम्झौता गर्नुपर्ने, आर्थिक वर्ष २०७९/०८० मा केन्द्र, प्रदेश सरकार तथा अन्य निकाय संघसंस्थाबाट आएको योजनाको प्रगती विवरण सार्वजनिक गर्नुपर्ने र नगरपालिकामा कार्यरत स्थायी, करार, डोरको संख्या, नाम ठेगानासहित, उनीहरूको तलबमानको विवरण, तथा भुक्तानीबारे लिखित जानकारी गराउन माग गरिएको छ ।

नगरपालिकाको स्वास्थ्य, जिन्सी, प्रशासन बाहेक मेयर समेतको कार्यकक्षमा तालाबन्दीपछि उपमेयर यादव लगायत जनप्रतिनिधिले तालाबन्दीको कारणबारे बताएका थिए ।

मेयर अजयप्रकाश जैसवालले करार कर्मचारी, डिजल पेट्रोल, कर्मचारीको खाजा लगायत विभिन्न शीर्षकमा करोडौं रुपैयाँ अनियमितता गरिरहेको आरोप लगाएका थिए । गत १८ गते बसेको कार्यपालिका बोर्डको बैठकमा उक्त विषय बारे जानकारी माग्दा मेयर जैसवालले सोमबार २३ गते हुने कार्यपालिका बोर्डको बैठकमा सम्पूर्ण विवरण पेस गर्ने बताएका थिए । १८ गतेको सूचना अनुसार सोमबार भनिएको बैठकमा सहभागी हुन आउँदा मेयर जैसवाल, प्रमुख प्रशासकीय अधिकृत गौरीशंकर सिंहसहित अनुपस्थित रहेको उपमेयर यादवले बताइन् । एकातर्फ मेयर अधिकृत बैठकमा सहभागी नहुनु र अर्कोतर्फ मेयरको मानिस हिँउदे अधिवेशनको लागि कार्यपालिका सदस्यहरुको घर-घरमा निर्णय पुस्तिका लागेर हस्ताक्षर गराउन शुरु गरेकाले मेयरको नियत ठीक नरहेको उपमेयर यादवले बताइन् । एकातर्फ विभिन्न शीर्षकमा करोडौं रुपैयाँ निकासा गरेर अनियमितता गरेका मेयर अजयप्रकाश जैसवालले हिँउदे अधिवेशन सकेर पुनः रकम निकासा गराउने दाउमा देखिएकाले बाध्य भएर नगरपालिकामा तालाबन्दी गर्नुपरेको उपमेयर यादवाका साथै जनप्रतिनिधिहरुले बताएका छन् ।

## पूर्वगृहमन्त्रीदेखि...

अपांगता वा अल्पसंख्यक समुदायका लागि चार दल र अन्य समूहका लागि चार दल गरी जम्मा १५ जनाले उम्मेदवारी दिएका हुन् । गण्डकी प्रदेशमा महिला समूहका लागि ३ दल, अपांगता वा अल्पसंख्यक समुदायका २ दल र अन्य समूहका ३ राजनीतिक दलबाट जम्मा ८ जनाले मनोनयन दर्ता गराएका छन् । त्यस्तै लुम्बिनी प्रदेशमा महिला समूहमा ३ दल र अन्य समूहका लागि ४ दलको तर्फबाट ७ जनाले उम्मेदवारी दिएका हुन् ।

कर्णाली प्रदेशमा महिलाका लागि दुई दल, दलित समूहका लागि २ दल र अन्य समूहका दुई दलबाट ६ जनाको मनोनयन दर्ता भएको छ ।

सुदूरपश्चिममा महिलाका लागि दुई दल, अपांगता वा अल्पसंख्यकका लागि दुई दल र अन्य समूहका लागि दुई दलका तर्फबाट ६ जनाले उम्मेदवारी दिएका छन्। सात प्रदेशमा महिलातर्फ १८, दलित तर्फ ५, अपांगता भएका वा अल्पसंख्यक तर्फ ८ र अन्य समूहतर्फ २१ गरी जम्मा ५२ जनाले उम्मेदवारी दिएका हुन् ।

## पराजितहरूलाई...

कोटाबाट उमेदवार बनेकी छन् । उनी ०७९ को प्रदेशसभा निर्वाचनको समानुपातिकफर्क बन्दसूचीमा अटाएकी थिइन् । गठबन्धबाट ६ सिटमा भागमा परेको माओवादी केन्द्रले जनआन्दोलनका घाइतेदेखि समानुपातिक सूचीमा पटक-पटक परेकाहरूलाई उमेदवार बनाएको छ । कोशी प्रदेशको महिलातर्फ चम्फादेवी काकी उमेदवार बनेकी छन् ।

ओखलढुंगा जिल्ला इन्चार्ज रहेकी उनी अखिल नेपाल महिला संघको केन्द्रीय सचिव हुन् । उनी तीनपटक समानुपातिक सूचीमा २०६४, २०७० र २०७९ मा परेकी थिइन् । गण्डकीबाट महिला कोटामा उमेदवार बेनेकी मनरुपा शर्मा सुवेदीले द्वन्द्वकालमा श्रीमान गुमाइन् । उनी २०६४ को संविधानसभा चुनावमा पर्वत- १ मा पराजित भएकी थिइन् । २०७९ को मंसिरमा सम्पन्न चुनावको समानुपातिक सूचीमा परेकी थिइन् । बन्दसूचीबाट नाम फिर्ता लिएर उमेदवार बनेकी हुन्। लुम्बिनी प्रदेशमा अन्यतर्फ माओवादीका झक्कु सुवेदीले उमेदवारी दर्ता गराएका छन्। उनी २०६४ को पहिलो संविधानसभा चुनावमा चर्चा बटुलेका थिए । काठमाडौं- २ बाट एमालेका तत्कालीन महासचिव माधवकुमार नेपाललाई पराजित गरेका थिए । र, २०७० को चुनावमा पराजित उनी माओवादीका केन्द्रीय सदस्य हुन्। कर्णालीबाट दलित क्लष्टरमा विष्णु विकले उमेदवारी दर्ता गराएका छन् ।

रेणु चन्द सुदूरपश्चिमबाट महिला क्लष्टरमा उमेदवार बनेकी छन् । उनी २०६४ सालमा बैतडी-२ बाट संविधानसभा सदस्य निर्वाचित भएकी थिइन्। नेकपा एकीकृत समाजवादीले गठबन्धबाट दुई सिट पाएको छ । जसमा महिला क्लटरमा ०७९ को निर्वाचनमा पराजितलाई उमेदवार बनाएको छ । एकीकृत समाजवादीले कर्णाली प्रदेशको महिलातर्फ उमेदवार दैलेखकी सावित्री मल्ललाई उमेदवार बनाएको छ ।

उनी गएको ०७९ को निर्वाचनमा उपमेयरमा पराजित हुन् । नारायण नगरपालिका दैलेखमा उनी एमालेकी तत्तकुमारी खड्कासँग पराजित भएकी थिइन् । सत्ता साझेदार जसपाले गठबन्धनबाट एक सिट पाएको छ। उसले १३ महिनाअघि प्रदेशसभा निर्वाचनमा पराजित व्यक्तिलाई राष्ट्रियसभा सदस्यको उमेदवार बनाएको छ । रौतहटकी पूजा चौधरीलाई उमेदवारी दिएकी छन्।

४ मंसिर २०७९ मा भएको निर्वाचनमा उनी रौतहट क्षेत्र नम्बर-३ ‘क’ मा जसपाका तर्फबाट उमेदवार बनेकी थिइन् । उनलाई स्वतन्त्र उमेदवार केशव रायले पराजित गरेका थिए ।

## कोशीमा...

आफूमध्येबाट प्रदेश सभामुख र प्रदेश उपसभामुखको निर्वाचन गर्ने उल्लेख छ। प्रदेश सभामुख वा प्रदेश उपसभामुखको पद रिक्त भएमा प्रदेश सभाका सदस्यहरूले आफूमध्येबाट निर्वाचन गरी प्रदेश सभामुख वा प्रदेश उपसभामुखको पद पूर्ति गर्नुपर्ने संवैधानिक व्यवस्था छ ।

## नेपालमा...

संस्थाहरुलाई स्वास्थ्य उपचार व्यवस्थापनको तयारी अवस्थामा रहन मन्त्रालयले आग्रह गरेको छ । त्यस्तै सर्वसाधारणलाई भीडभाडमा नजान, भौतिक दूरी कायम गर्न, मास्कको प्रयोग गर्न, र साबुनपानीले हात धुन समेत आग्रह गरेको छ ।

विश्व स्वास्थ्य संगठन (डब्लूएचओ) ले कोभिड-१९ को नयाँ भेरिएन्टको संक्रमण बढिरहेको भन्दै सतर्कता अपनाउन आग्रह गरिसकेको छ। कोरोनाको नयाँ भेरियन्टको संक्रमण छिमेकी देशहरु भारत र चीनमा बढीरहेको छ ।

## सम्झौता...

त्यो सम्झौता कानूनी र संवैधानिक मान्यता अनुसार नरहेको बताए । संघले बोर्डका निर्देशकबाट अधिकारको दुरुपयोग गरेर कामदारमाथि आर्थिक भार थोपर्नु आपत्तिजनक रहेको बताएको छ । सार्वजनिक भएको सम्झौतामा प्रति कामदार ४५ डलर जम्मा गर्नुपर्ने प्रावधान छ ।

पत्रकार सम्मेलनमा नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका अध्यक्ष कुमुद खनालले मलेसियास्थित नेपाली दूतावासलाई पन्छाएर गरिएको सम्झौता भ्रामक, अस्पष्ट र संदिग्ध रहेको भन्दै त्यसले नेपाली कामदारको हित गर्न नसक्ने भएकाले सम्झौतालाई सिण्डिकेटको प्रारुप मानि लागू हुन दिन नहुने धारणा राखे ।

संघले मलेसियासँग बोर्डले गरेको सम्झौतासहित काठमाडौंस्थित साउदी अरबको दूतावासले कामदारलाई अनावश्यक समय र आर्थिक भार पार्ने गरी अनिवार्य गरेको बायोमेट्रिक कुटनैतिक पहलगरि हटाउनुपर्ने, वैदेशिक रोजगारीमा जाने अर्धदक्ष तथा दक्ष कामदारलाई लागू गर्न खोजिएको अनिवार्य परीक्षाको औचित्य नहेरी आर्थिक भार बढाउने हुँदा खारेज गर्नुपर्ने माग गरेको छ। संघले निःशुल्क तालिमका नाममा बनाइएको कार्यविधिको अनावश्यक मापदण्ड हटाउनुपर्ने माग राख्दै अभिमुखीकरण तालिमको नयाँ मापदण्डअनुसार तय गरिएको कार्यविधिमा राहदानी र एलटी अगाडि नै तालिमको व्यवस्था मिलाउनुपर्ने, मानव तस्करी र बिचौलियालाई फाइदा पुग्ने गरी प्रदान भइरहेको व्यक्तिगत श्रम स्वीकृति बन्द गरी संलग्नमाथि छानबिन गरी कारबाही गर्नुपर्ने, जापान, केयर गिभरबाहेक इजरायलको रोजगारी र दक्षिण कोरियाको ई सेभेन भिसामा कामदार पठाउन व्यवसायीमार्फत व्यवस्था गर्नुपर्ने माग गरेको छ ।

काठमाडौंस्थित साउदी दूतावासले केही सीमित व्यवसायीलाई मात्रै कामदार पठाउन पाउने वातावरण बनाउन कतिपय व्यवसायीको बिनाकारण परिचयपत्र खोस्ने र नयाँ व्यवसायीहरुले साउदी अरबबाट मागपत्र ल्याए पनि कामदार पठाउन नपाइरहेकाले सबै व्यवसायीहरुले साउदी अरब कामदार पठाउन पाउने व्यवस्था गर्न पहल गरिदिनुपर्ने, वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा अविलम्ब सुधार गरी वैदेशिक रोजगार ऐन, २०६४ लाई समयसापेक्ष परिमार्जन गर्न संघले माग गरेको छ ।

अध्यक्ष भण्डारीले नेपाली कामदार रोजगारीका लागि जाने गन्तव्य मुलुकको दूतावासका बारेमा बोल्न नहुने हाउगुजी देखाएर, त्रास देखाएर लुटपाट शुरुवात गरिएकाले नागरिक समाज, प्रेस जगत सबै संयुक्तरुपमा आन्दोलित नभए देशको अर्थतन्त्रको मेरुदण्डका रुपमा स्थापित वैदेशिक रोजगार क्षेत्रसँगै मुलुकको अर्थतन्त्र नै धराशायी हुने खतरा रहेको दाबी गरे ।

### लागत निर्धारण गर्न माग

पत्रकार सम्मेलनमा संघका प्रथम उपाध्यक्ष डिक बहादुर खत्री ‘कुमार’ले वैदेशिक रोजगारको योगदानका बारेमा नेपाली समाजले गहिरिएर नबुझेको भन्दै लामो समयसम्म पनि समस्याको वास्तविक समाधान नआउनुमा समस्या नबुझ्ने प्रवृत्ति जिम्मेवार रहेको बताए ।

उनले नेपालको कुल ग्राहस्थ उत्पादनमा वैदेशिक रोजगारको योगदान ३० प्रतिशत रहेको र २०५० पछि देश चलाउने प्रमुख स्रोत वैदेशिक रोजगार रहेको भन्दै वैदेशिक रोजगारले पोषणयुक्त खाना, शिक्षा र स्वास्थ्य पहुँच, सीप विकास, आर्थिक अवस्थामा सुधार गरेकोले यसको महत्वलाई सरकारले गम्भीरतापूर्वक लिन आवश्यक रहेको बताए। वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र व्यवस्थित बनाउने भनिएपनि लागत निर्धारण नहुनु मुख्य चुनौतीको विषय देखिएको उनले उल्लेख गरे ।

वैज्ञानिक सेवा शुल्क, मागपत्र प्रमाणीकरण, महिला कामदार, व्यक्तिगत श्रम स्वीकृति, भिजिट भिसा, नैतिक भर्नाको वास्तविक अवस्थाजस्ता अनिवार्य विषयमा सरकारको अस्पष्ट दृष्टिकोणले समस्या सिर्जना गरेको उनले बताए। उपाध्यक्ष खत्रीले सरकारले फ्रि भिसा फ्रि टिकट लागू गरेपनि हाल एक जना कामदार खाडी मुलुक र मलेसिया वैदेशिक रोजगारमा जान १ लाख ३२ हजार ७ सय ५४ रुपैयाँ लागत लाग्ने अवस्था देखिएकाले सरकार, गैरसरकारी संघसंस्था र सञ्चारक्षेत्रले लागत निर्धारणको विषयमा उपयुक्त दृष्टिकोण लिनुपर्ने अवस्था रहेको बताए ।

## सम्झौताबारे...

एफडब्लुडब्लुएमसीले प्रति कामदार ४५ अमेरिकी डलर लिने सम्झौता कार्यान्वयनका लागि श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले मलेसियास्थित नेपाली दूतावासलाई पत्राचार गर्न आग्रह गरी परराष्ट्र मन्त्रालयलाई पत्र पठाएको थियो । सोही सन्दर्भमा नेपाल वैदेशिक रोजगार व्यवसायी संघका पूर्वअध्यक्षसहित अग्रज व्यवसायीहरुको टोली सोमबार परराष्ट्रमन्त्री साउदलाई ध्यानाकर्षण गराउने उद्देश्यसहित परराष्ट्र मन्त्रालय गएको थियो ।

व्यवसायीसँगको छलफलपछि मन्त्री साउदले मलेसियासमेत पूर्वी एसियाली देश हेर्ने महाशाखा प्रमुख र कानूनका उपसचिवलाई कार्यकक्षमा बोलाएर मलेसियासम्गको श्रम सम्झौता र बोर्डका निर्देशकले गरेको सम्झौताका विषयको एकरुपता र तादम्यताका विषयमा अध्ययन गर्न निर्देशन दिएको भेटमा सहभागी संघका पूर्वअध्यक्ष रोहन गुरुङले जानकारी दिए ।

मलेसियाली कम्पनीले लिने ४५ डलरका विषयमा अर्थ मन्त्रालयको राय आवश्यक रहेको र अर्थमन्त्री विदेश भ्रमणमा जान थालेकाले उनी फर्केपछि जानकारी लिने बताएको पनि पूर्वअध्यक्ष गुरुङले बताए । परराष्ट्रमन्त्री साउदलाई उद्धृत गर्दै पूर्वअध्यक्ष गुरुङले भने, ‘वेलफेयरका लागि ४५ डलर लिने विषयमा नेपाली दूतावासको भूमिका के हो ? त्यस विषयमा पनि मन्त्री साउदले अध्ययन गरेर निर्णय लिने बताउनुभएको छ। श्रम मन्त्रालयले आग्रह गरेअनुसार तत्कालै परराष्ट्र मन्त्रालयबाट नेपाली दूतावासलाई पत्राचार हुने अवस्था देखिएन ।’

परराष्ट्रमन्त्री साउदलाई ध्यानाकर्षण गराउन पूर्वअध्यक्ष गुरुङसहित पूर्वअध्यक्ष विमल ढकाल, नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसनका पूर्वअध्यक्ष प्रज्ञान न्यौपाने, संघका पूर्वप्रथम उपाध्यक्ष हरिबहादुर पाण्डे क्षेत्री, संघका पूर्वमहासचिव सुजित श्रेष्ठ, एशोसिएसनका पूर्वउपाध्यक्ष तारानाथ अर्याल, पूर्वसचिव नारायण पराजुली, सचिव विनोद केसी, संघ कार्यसमिति सदस्य विक्रम श्रेष्ठलगायत परराष्ट्र मन्त्रालय पुगेका थिए ।


**साउदीमा रोजगार** | कम्पनी: AL MAHBAH ROOD TRADING EST. शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८०/०३/११ — चलानी नं.: ६०२०३८१५ — L.T. No.: 288582 — पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Packaging And Wrapping Worker | 1 | 0 | स. काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २ गते (16 January 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामामा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहचलमा सम्पर्क गर्नु होला ।

**पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.**
सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०
श्रम इजाजत नं.: ७४१/०६४/०६५



**कर्मचारी हटाइएको सूचना**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न इजाजत प्राप्त यस NS International Pvt. Ltd. इजाजत पत्र न. १०६६/०७३/०७४ मा निम्न कर्मचारीहरु यस कार्यालयमा कार्यरत नरहेको सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै निज व्यक्तिहरुसँग यस प्रा.लि.को नाममा वैदेशिक रोजगार सम्बन्धी कुनै पनि आर्थिक कारोबार नगर्न/नगराउनु हुन यसै सार्वजनिक सूचनाद्धारा सम्बन्धित सबैमा जानकारी गराइन्छ। यदि यसो गरे गराएमा यस प्रा.लि. जिम्मेवार हुने छैन । साथै कुनै दाबी बिरोध भएमा ७ (सात) दिन भित्र यस प्रा.लि. मा वा वैदेशिक रोजगार विभाग कार्यालयमा सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।

| सि.नं. | नाम | नागरिकता नं. | पद |
|---|---|---|---|
| १. | दिल बहादुर थापा | ९०४९० | Marketing Officer |
| २. | भिम बहादुर थापा | ३५४५२ | Pro |

**NS INTERNATIONAL PVT. LTD.**
Gov. Lic No. 1066/073/074
Sinamangal, Pancha Kumari Mandhir, Kathmandu, Nepal
Tel. No.: 01-4580132 | Mob.: 9840065304
Email: ns.international1066@gmail.com



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशन मिति : २०८०/०९/२४

श्री कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८०/०९/२२ को निर्णयअनुसार यस सप्तकोशी शिक्षा सदन गोठगाउँ प्रा.लि. कम्पनीको नाम परिवर्तन गरी सप्तकोशी शिक्षा सदन विराटचौक प्रा.लि.ले सकार्ने व्यहोर्ने गरी नाम परिवर्तन गर्ने स्वीकृति प्राप्त भएको हुदाँ सोही व्यहोरा सर्वसाधारणको जानाकारीको लागि यो सूचाना प्रकाशित गरिएको छ ।

**सप्तकोशी शिक्षा सदन बिराटचौक प्रा.लि**
(Saptakoshi Sikshya Sadan Biratchock Pvt.Ltd.)
(प्रा.लि.नं. ११७९७७/०७०/०७१), मोरङ जिल्ला, सुन्दरहरैचा न.पा. वडा नं. १२



**कोन्ज्योसोम गाउँपालिका**
ཀོན་རྫོ་སོམ་ གྲོང་སྡེ།
**गाउँ कार्यपालिकाको कार्यालय**
चौघरे, ललितपुर ।

**सिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

सूचना प्रकाशित मितिः- २०८०/०९/२४

यस कार्यालयबाट मिति २०८०/०८/१५ गते **मध्यान्ह राष्ट्रिय दैनिक** मा प्रकाशित सिलबन्दी बोलपत्र सूचनानुसार मिति २०८०/०९/१६ गते दिनको १२:०० बजे सम्म दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु मध्ये तपसिलमा उल्लेखित भएका सिलबन्दी बोलपत्र न्यूनतम मुल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भई स्विकृतको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐनको दफा २७ को उप दफा २ को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्र दाताहरुलाई जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।


**तपसिल**

| सि.नं. | कार्यको विवरण | छनौट भएका कम्पनी | कबोल रकम (मु.अ.कर.समेत) रु. |
|---|---|---|---|
| 1 | Magargau School Hostel Building Construction Identification No:- KRM-080/081-NCB-W-003 | श्री Bhumiputra Construction, Godawari-11, Lalitpur. | 73,70,857.09 |

प्रमुख प्रशासकीय अधिकृत

# ‘धन्यवाद एनसीसी कतार, जिउँदै घरदेश फर्कन पाइयो’

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २३ पुस



विगत आठ वर्षदेखि कतारमा असहज अवस्थामा रहेका दुई नेपाली घर फर्किएका छन् । एनआरएनए एनसीसी कतारको श्रमिक विभागको विशेष सहयोगमा गुल्मी जिल्लाका कलाधर बराल मगर र तनहुँका पीताम्बर कामी नेपाल फर्किएका हुन् ।

२०१५ मा अल तात्विर डेभलपमेन्ट कम्पनी फर बिल्डिङ, ट्रेडिङ कन्ट्याक्टिङमा श्रमिकका रूपमा आएका उनीहरू खाली हात नेपाल फर्किएका छन् । शुरुवाती चरणमा राम्रो कमाइ गरेपनि त्यसको केही समयपछि कम्पनीले तलब दिन छाडेको र कतारी आइडी पनि नवीकरण नगरिदिएपछि समस्यामा फस्दै गएको उनीहरुले बताए । पीडितहरुले मध्यान्ह दैनिकसँग कुरा गर्दै कम्पनीले खानाका लागि रकम दिने, तर तलब नदिने गर्दा आफूहरू झन् समस्यामा फस्दै गएको बताए । काममा नजाँदा बाँकी रकम नदिने डर र जाँदा दिँदैन भन्ने बुझ्रेर रुँदै काम गर्नुपर्ने अवस्थामा पुगेको स्मरण गर्दै उनीहरुले आफूहरू बास्तबमै पीडित बनेपछि लेबर कोर्टमा गएर कम्पनीविरुद्ध मुद्दा दर्ता गरेको बताए ।

कोर्टले नोभेम्बर १९, २०२० मा जनही २६ हजार २ सय २८ कतारी रियाल पीडित श्रमिकलाई भुक्तानी गर्नू भन्ने फैसला सुनाए पनि उक्त रकम नपाएको उनीहरुले बताए । अरबिक भाषामा लेखेको फैसलालाई कम्पनीले नटेरेको पीडितहरु बताउँछन् । सन् २०१८ देखि कतारी आइडी बिना कतारमा मुद्दा लड्दै शरण पर्दै साथी चिनेजानेकासँग सापट लिँदै गुजारा गरेको बताउने उनीहरू कतारमा ‘अलेखबद्ध’ बनिसकेका थिए । केही समय पहिले एनसीसी कतारको श्रमिक विभागमा पीडितहरुले समस्या राखेपछि तुरुन्त आवश्यक बन्दोबस्तीसहित नेपाल फर्काउन पहल थालेको एनसीसी कतारका अध्यक्ष रमेश भट्टले बताए ।

कतारस्थित नेपाली दूतावासबाट आवश्यक सहयोग तथा परामर्श गर्दै कतारको कानूनी प्रक्रिया पूरा गरी उनीहरूलाई नेपाल पठाइएको अध्यक्ष भट्टले बताए । ६ वर्षदेखि कतारी आइडीविहीन उनीहरूलाई नेपाल फर्काउन एनसीसीले गरेको पहलप्रति पीडितहरुले आभार व्यक्त मात्र गरेनन् उनीहरूले हमाद विमानस्थलमा आँखाभरि आँसु पार्दै श्रमिक विभागका उपसंयोजक विकास गैह्रेलाई ‘सर धन्यवाद जिउँदै घरदेश फर्कन पाइयो’ भन्दै नेपाल उडेका छन् । कतारमा कुनै पनि समस्या परेमा सम्पर्क गर्न एनसीसी कतारका श्रमिक विभाग संयोजक कृष्ण पन्थीले नेपाली समुदायसँग अनुरोध गरेका छन् ।


## कम्पनीको नाम र ठेगाना परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०९/२४**

**ए.जि. क्रप ग्लोबल प्रा.लि.** को मिति २०८०/०९/१९ मा सम्पन्न वार्षिक/विशेष साधारण सभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **श्रीशा इन्कपेरिटेड प्रा.लि. (प्रा.लि. नं.: ३०७८२५)** साथै साविक ठेगाना परिवर्तन गरी **टोखा नगरपालिका-०६, काठमाडौं** कायम गर्ने गरी मिति २०८०/०९/२० गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैका जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## कुबेतमा वैदेशिक रोजगारको अवसर

कम्पनी : **COSMO CENTER GOLDEN CENTRAL MARKET FOR NON-FOOD STUFF LLC**
पूर्व स्वीकृत मितिः २०८०/०१/१२ चलानी नं.: ६०२००७१० L.T. No.: 285296 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cashier | 0 | 5 | सम्बन्धित काममा दक्ष | 140 | ६०,४३९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Muts Sales | 0 | 5 | | 140 | ६०,४३९ | | | | | | | |
| 3. | Sweets Sales | 10 | 5 | | 140 | ६०,४३९ | | | | | | | |
| 4. | Warehouse Worker | 10 | 0 | | 90 | ३८,८५४ | | | | | | | |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २ गते (16 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

BROTHERS INTERNATIONAL Employment Pvt. Ltd.
श्रम इजाजत पत्र नं.: ६१५/०६३/०६४
साबिक : (THE LINK FOR RECRUITMENT CONSULTANCY PVT. LTD.)
गोंगबु, काठमाडौं, फोन : ०१-५९१९८११, ०१-५९१९८१२, ९८०५८६५१९३
Itahari: 9862360723 | Jhapa: 9806074134


# ‘बेलविवाह संस्कारमा भाषाको प्रयोग’ विषयक गोष्ठी सम्पन्न



**काठमाडौं/मस-** नेपाल प्रज्ञा-प्रतिष्ठान, भाषा (मातृभाषा, कोश र व्याकरण) विभागद्वारा ‘बज्रयान सम्प्रदायमा बेलविवाह संस्कारमा भाषाको प्रयोग’ विषयक विचार-गोष्ठी सम्पन्न भएको छ ।

नेपाल प्रज्ञा-प्रतिष्ठानको देवकोटा सभाकक्षमा विचार-गोष्ठी सम्पन्न भएको हो ।

नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले ब्यानर पाठ गरेर उक्त गोष्ठीको उद्घाटन गरेका थिए ।

यस क्रममा उनले नेपालभाषा र नेवार संस्कृति समृद्ध रहेको छ । यसमा पनि नेवारजातिका बालिकाको बेलसँग हुने विवाहलाई ‘इही’ संस्कार भनिन्छ । यो छुट्टै खालको मौलिक संस्कार पनि हो । डा.बज्रमुनी बज्राचार्यले प्रस्तुत गरेको सो कार्यपत्र मौलिक र नवीनतम छ । यसले अनुसन्धानको नयाँ पाटो खोलेको छ भन्ने धारणा राखेका थिए । यसैगरी धन्यवाद ज्ञापनका क्रममा प्रज्ञा-प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदीले नेवार संस्कृतिमा इही अर्थात् बेलविवाह विल्कुलै नेपाली मौलिक सम्पदा हो । यस्ता सम्पदाको बारेमा प्रयुक्त हुने भाषाको अध्ययन गर्न आवश्यक रहेको बताएका थिए ।

यसैगरी प्रज्ञा-प्रतिष्ठानका प्राज्ञ षरिषद् सदस्य तथा भाषा (मातृभाषा, कोश र व्याकरण) विभाग प्रमुख त्रैलोक्यमान बनेपाली ’अगिव’ले सभाध्यक्षको रूपमा स्वागत मनतव्य राख्दै ‘सबैभाषा सबै ज्ञान सबैको प्रज्ञा-प्रतिष्ठान’ भन्ने उद्देश्यअनुरूप बज्रयान सम्प्रदायमा बेलविवाह संस्कारमा भाषाको प्रयोग’बारे गोष्ठी गरिएको हो । नेवारको यस टिपिकल संस्कृतिबारे अरू जातजातिसम्म पनि पुगोस् भन्ने हेतुले नेपाली भाषामा नै यो कार्यपत्र प्रस्तुत गरिएको हो । यसले सबै भाषा,सबै धर्म र संस्कृतिलाई घच्घच्याउने छ। अरू पनि इही जस्ता मौलिक संस्कृतिमा प्रयोग हुने भाषाबारे कार्यक्रम निरन्तर हुँदै जाने बताएका थिए। यस गोष्ठीमा डा. बज्रमुनि बज्राचार्यले ‘बज्रयान सम्प्रदायमा बेलविवाह संस्कारमा भाषाको प्रयोग’ विषयक कार्यपत्र प्रस्तुत गरेका थिए। यस कार्यपत्रमाथिको टिप्पणी संस्कृतिविद् फणीन्द्ररत्न बज्राचार्यले गरेका थिए ।


## साउदीमा रोजगार

कम्पनी: **FAJR AL JANOUB FOR CONTRACTING**
शहर: Saudi Arabia, Abha
पुर्व स्वीकृत मितिः २०८०/०९/२३ चलानी नं.: ६०२१२७९१ L.T. No.: 297835

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 3 | 0 | स. काममा दक्ष | 1400 | ४९,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० माघ २ गते (16 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Guideline Recruitment Service Pvt. Ltd.
Govt.Lic.No 1061/073/74
Basundhara Chauki, Kathmandu, Tel.: 01-5913045, Mob.: 9845502072 | 9861516453
Email: reception.guideline@gmail.com, Web: www.guidelinerecruitment.com

## कतारमा रोजगार

कम्पनी : **CAPITAL FACTORIES FOR BUILDING MATERIALS**
शहर: DOHA
पूर्व स्वीकृत मिति : २०८०/०९/२३ चलानी नं.: ६०२१२७८९ LT. No.: 297402

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 4 | 0 | स. काममा दक्ष | 1000 | ३६,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ २ गते (16 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०६२/०६३
पो.ब.नं. २४७८०, ताच्चिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैंक पछाडी), ललितपुर
फोन: ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE

## साउदीमा रोजगार

कम्पनी : **BAREZ JANOUB OPERATION & MAINTENANCE COMPANY**
शहर : Buraidah
पूर्व स्वीकृत मितिः २०७९/११/०८ चलानी नं.: ६०१९६८३३ L.T. No.: 281397 पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Office and Facility Cleaning Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,४०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० माघ २ गते (16 January 2024) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।


Fast Employment Service (P.) Ltd.
Gov. Lic No. 1399/074/075
Kupondole, Opposite Hotel Himalaya, Lalitpur, Nepal
Tel: 5180421, 5180431, Fax: 5180431, Email: fastemployment1399@gmail.com


# Kachankawal Rural Municipality

## Office of The Rural Municipal Executive

**Baniyani, Jhapa**

**Koshi Province, Nepal**

## Invitation for e-Bids

**Date of Publication: 24th Poush 2080 (09th Jan 2024)**

Kachankawal Rural Municipality invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures. Eligible Bidders may obtain further information from PPMO website www.bolpatra.gov.np/egp.

| S.N. | Contract ID. | Name of Project | Estimated Amount (Exclusive of VAT & Contingencies) | Bid Document Fee (NRs.) | Bid Security Amount (NRs.) | Bid Security Validity Period | Bidding Procedure | Last date of Bid Submission | Bid Opening |
|---|---|---|---|---|---|---|---|---|---|
| 1 | NCB/WORKS/ KACHANKAWAL/ 2080-81/07 | Construction of an Animal Treatment Hospital at Kachankawal Rural Municipality, Jhapa | 56,77,318.49 | 3000 | 1,45,000 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2080/10/25 08th Feb 2024) 12:00 PM | 2080/10/25 (08th Feb 2024) 01:00 PM |
| 2 | NCB/WORKS/ KACHANKAWAL/ 2080-81/08 | Construction of Paver Block Road at Aadarsha Krishi Bazaar, Patharia | 30,22,675.46 | 3000 | 75,000 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2080/10/25 08th Feb 2024) 12:00 PM | 2080/10/25 (08th Feb 2024) 01:00 PM |
| 3 | NCB/GOODS/ KACHANKAWAL/ 2080-81/01 | Supply and Delivery of High-Density Polyethylene (HDPE) Pipe of Different Sizes for Kachankawal Rural Municipality, Jhapa | 1,20,86,310.60 | 3000 | 3,05,000 | Minimum 30 Days beyond the Bid validity Period | Single Stage Single Envelope Bidding Procedure (e-Bid only) | 2080/10/25 08th Feb 2024) 12:00 PM | 2080/10/25 (08th Feb 2024) 01:00 PM |
| 4 | SQ/WORKS/ KACHANKAWAL/ 2080-81/01 | Maintenance of Baniyani Bazaar Fish Market | 14,49,265.01 | 1000 | 36,000 | Minimum 30 Days beyond the Bid validity Period | Sealed Quotations | 2080/10/10 (24th Jan 2024) 12:00 PM | 2080/10/10 (24th Jan 2024) 01:00 PM |

**Chief Administrative Officer**


GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara, Naxal, Kathmandu, Nepal
